# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बारागढी गाउँपालिका

बारा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## बारागढी गाउँपालिका
बारा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## बारागढी गाउँपालिका

बारा


**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय मधेश प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ७४

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
बारागढी गाउँपालिपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बारा ।

**कैफियत सहितको राय**

हामीले बारागढी गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ३ करोड ९३ लाख ३ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभईबाँकी बेरुजू असुल गर्नुपर्ने रू. १३ लाख ६३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ९७ लाख ९ हजार, नियमित गर्नुपर्ने रु ५४ लाख १० हजार र पेश्की रू. २८ लाख २१ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ६ करोड १८ लाख १६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १० करोड ११ लाख १९ हजार रहेको छ । **गाउँपालिकाको बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३ गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७४ | १२१ | ३९३०३ | ० | ० | ० | ७४ | १२१ | ३९३०३ | १३६३ | ५४१० | २९७०९ | ० | ० | ३५११९ | २८२१ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बारागढी गाउँपालिका बारा | ६१८१६ | ० | | ६१८१६ | ० | ३९३०३ | १०१११९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बारागढी गाउँपालिका, बारा,

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अमोद चौधरी | २०७५-९-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अजय चौधरी | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३९,३०३,३८४.०६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ७,९४,९७,७६३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २७,०१,६२,००० | **चालु खर्च** | १८,९९,५४,३९२ |
| **प्रदेश सरकारबाट अनुदान** | १,४८,८१,००० | **पूँजीगत खर्च** | १४,४४,४७,०३५ |
| **राजश्व बाँडफाँट** | ७,०८,२४,८०० | **वित्तीय/अन्य व्यवस्था** | ११,७०,४३,५७७ |
| **आन्तरिक आय** | २९,७५,२९२ | | |
| **अन्य आय** | १३,४४,५३,३०२ | | |
| **कुल आय** | ४९,३२,९६,३९४ | **कुल खर्च** | ४५,१४,४५,००४ |
| **बाँकी मौज्दात** | | १२,१३,४९,१५३ | |

| क्रम | भौचर नं. | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस | |

गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ८ वडा, ३९.२९ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ।

२ **लेखापरीक्षण -** यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन्।

३ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

**प्राप्ती भुक्तानी हिसाव**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ३७,६९,६३,२९०.०० | ३७,३४,४६,७५८.९१ | | ३७,३४,४६,७५८.९१ | ३३,०२,५२,०५८.६५ | | ३३,०२,५२,०५८.६५ |
| क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३६,०३,०३,२९०.०० | ३६,१०,९९,३२९.९१ | ०.०० | ३६,१०,९९,३२९.९१ | ३२,३८,४७,०५७.६५ | ०.०० | ३२,३८,४७,०५७.६५ |
| ११००० कर | ११ | ७,२१,६०,२९०.०० | ७,३८,१०,४४९.८१ | ०.०० | ७,३८,१०,४४९.८१ | ६,२२,३१,४९८.९८ | ०.०० | ६,२२,३१,४९८.९८ |
| १३००० अनुदान | | २८,५८,४३,०००.०० | २८,५०,४३,०००.०० | ०.०० | २८,५०,४३,०००.०० | २६,०९,५५,८१०.०० | ०.०० | २६,०९,५५,८१०.०० |
| संघीय सरकार | १२ | २७,०९,६२,०००.०० | २७,०१,६२,०००.०० | ०.०० | २७,०१,६२,०००.०० | २४,०७,९४,८१०.०० | ०.०० | २४,०७,९४,८१०.०० |
| प्रदेश सरकार | १२ | १,४८,८१,०००.०० | १,४८,८१,०००.०० | ०.०० | १,४८,८१,०००.०० | २,०१,६१,०००.०० | ०.०० | २,०१,६१,०००.०० |
| १४००० अन्य राजस्व | | २३,००,०००.०० | २२,४५,८८०.१० | ०.०० | २२,४५,८८०.१० | ६,५९,७४८.६७ | ०.०० | ६,५९,७४८.६७ |
| ख. अन्य प्राप्ति | | १,६६,६०,०००.०० | १,२३,४७,४२९.०० | | १,२३,४७,४२९.०० | ६४,०५,००१.०० | | ६४,०५,००१.०० |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कोषहरु | | १,६६,६०,०००.०० | १,१३,०२,५००.०० | ०.०० | १,१३,०२,५००.०० | ५०,००,०००.०० | ०.०० | ५०,००,०००.०० |
| धरौटी | | ०.०० | १०,४४,९२९.०० | ०.०० | १०,४४,९२९.०० | १४,०५,००१.०० | ०.०० | १४,०५,००१.०० |
| भुक्तानी (ग+घ) | | ४४,८६,२४,०१४.८८ | ३३,४४,०१,४२६.७९ | | ३३,४४,०१,४२६.७९ | २९,०२,८९,६३७.९९ | | २९,०२,८९,६३७.९९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४३,१९,६४,०१४.८८ | ३२,४१,५३,७०५.९३ | | ३२,४१,५३,७०५.९३ | २८,४१,७६,७६३.९९ | | २८,४१,७६,७६३.९९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ९,०८,०४,०००.०० | ७,२४,८३,७५१.६५ | ०.०० | ७,२४,८३,७५१.६५ | ७,४०,५५,२३७.१२ | ०.०० | ७,४०,५५,२३७.१२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १३,९१,३८,३८२.०० | १०,१०,५९,९६५.२८ | ०.०० | १०,१०,५९,९६५.२८ | ९,७४,९८,१०७.८७ | ०.०० | ९,७४,९८,१०७.८७ |
| २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | ०.०० | ०.०० | ०.०० | ०.०० | ९,७९,०००.०० | ०.०० | ९,७९,०००.०० |
| २५००० सहायता (क्गदकप्मथ० | १८ | २१,३०,०००.०० | ५,६४,३६०.०० | ०.०० | ५,६४,३६०.०० | ०.०० | ०.०० | ०.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,२५,९४,०००.०० | ४८,३७,०९४.०० | ०.०० | ४८,३७,०९४.०० | ३६,७८,०६०.०० | ०.०० | ३६,७८,०६०.०० |
| २८००० अन्य खर्च | १८ | ३९,०५,२९०.०० | ७,६१,५००.०० | ०.०० | ७,६१,५००.०० | ६,३३,३५०.०० | ०.०० | ६,३३,३५०.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १८,३३,९२,३४२.८८ | १४,४४,४७,०३५.०० | ०.०० | १४,४४,४७,०३५.०० | १०,७३,३३,००९.०० | ०.०० | १०,७३,३३,००९.०० |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| घ. अन्य भूक्तानी | | १,६६,६०,०००.०० | १,०२,४७,७२०.८६ | | १,०२,४७,७२०.८६ | २९,०२,८९,६३७.९९ | | २९,०२,८९,६३७.९९ |
| कोषहरु | | १,६६,६०,०००.०० | १,०२,७४,९९४.०० | ०.०० | १,०२,७४,९९४.०० | ५०,१४,८४३.०० | ०.०० | ५०,१४,८४३.०० |
| धरौटी | | ०.०० | १२,३८,०७६.०० | ०.०० | १२,३८,०७६.०० | १०,९८,०३१.०० | ०.०० | १०,९८,०३१.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | ९१२,६५,३४९.१४) | | ९१२,६५,३४९.१४) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | ९७,१६,६०,७२४.८८) | ३,९०,४५,३३२.१२ | | ३,९०,४५,३३२.१२ | ३,९९,६२,४२०.६६ | | ३,९९,६२,४२०.६६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ७,८२,१४,४८५.८८ | | ७,८२,१४,४८५.८८ | ३०,७५,७२६.०० | | ३०,७५,७२६.०० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ९७,१६,६०,७२४.८८) | ११,७२,५९,८१८.०० | | ११,७२,५९,८१८.०० | ४,३०,३८,१४६.६६ | | ४,३०,३८,१४६.६६ |
| बैंक तथा नगद बाकी | २४ | | ११,७२,५९,८१८.०० | | ११,७२,५९,८१८.०० | १०,६४,८४,५५२.३२ | | १०,६४,८४,५५२.३२ |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | **घटी जिम्मेवारी -** स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आ.ब. २०७८/०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ को अनुसूची १० मा सञ्चित कोषमा गत बर्ष रु १०,७०,३५,११४.५८ बाँकी मौज्दात रहेकोमा यो बर्ष रु ७,३९,६०,७२४.८८ मात्र जिम्मेवारी सारेको पाइयो । यसरी वित्तीय प्रतिवेदनमा रु ३,३०,७४,३८९.७० जिम्मेवारी नसारेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ । | |
| ५ | | | **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण र स्थानीय पूर्वाधार समेतको रु ११,८५,७३,५५९ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ । | |

६

**बैङ्क हिसाव विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको नगरेको र साट्न बाँकी चेकको विवरण पनि सुत्रमा इन्ट्री गरेको नदेखिएको र लेखापरीक्षण समक्ष पनि पेश नगरेको कारण फरक रकम सम्बन्धमा एकिन गर्न सकिएन ।

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ४,८७,३५,९४९ | ४,०९,३१,०४० | ७८०४९०९ |
| चालु खर्च खाता | ४,१०,३०,०९२ | ५,१३,६६,१६१ | १०३३६०६९ |
| पुंजीगत खर्च खाता | २,२१,०५,५६९ | ४,१२,७५,०३९ | १९१६९४७० |
| विविध खर्च खाता | २५,०९,५९३ | ३०,७१,६०३ | ५६२०१० |
| विपद व्यवस्थापन खाता | ८,१८,००० | १५,८५,६३९ | ७६७६३९ |
| आन्तरिक राजस्व खाता | ० | ५१,९९,७०१ | ५१९९७०१ |
| धरौटी मौज्दात | २०,६०,६१४ | २०,४०,६१४ | २०००० |
| बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ४०,४२,९१९ | ४०४२९१९ |
| **जम्मा** | **११७२५९८१७** | **१४९५१२७१६** | **३२२५२८९९** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

७

**फरक हिसाव**

७.१

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२ ) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु १२,८३,२७७.१२ यस वर्षको प्राप्ति रु. ११,९८,४९,६३५.०९ यस वर्षको भुक्तानी रु. ११,७०,४३,५७७.२१ र बैङ्क मौज्दात रु.४०,८९,३३५ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय ) | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | ७,८२,१४,४८५.८८ | ३७,३४,४६,७५८.९१ | ३३,४४,०१,४२६.७९ | ११,७२,५९,८१८ |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>एकीकृत आर्थिक विवरण अनुसार</td><td>७,९४,९७,७६३</td><td>४९,३२,९६,३९४</td><td>४५,१४,४५,००४</td><td>१२,१३,४९,१५३</td></tr><tr><td>**फरक**</td><td>**१२,८३,२७७.१२**</td><td>**११,९८,४९,६३५.०९**</td><td>**११,७०,४३,५७७.२१**</td><td>**४०,८९,३३५**</td></tr></table> | |
| ७.२ | | | स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको वित्तीय प्रतिवेदनले सामाजिक सुरक्षा तर्फको रु ११,१८,१९,४९१ युनिसेफ खानेपानी तर्फको रु २७,९५,४३३ र प्रशासकिय भवनको लागि प्राप्त अख्तियारी बमोजिमको खर्च रु ३९,५८,६३५ गरी कुल रु ११,८५,७३,५५९ र सुत्रले समेटेको खर्च कुल रु ३३,४४,०१,४२६.७९ गरी कुल खर्च रु ४५,२९,७४,९८५.७९ हुनेमा एकिकृत आय व्यय विवरणमा कुल खर्च रु ४५,१४,४५,००४ समावेश गरी आय र व्ययको हिसाब बराबर देखाएको पाइयो । यसरी कुल खर्चमा फरक परेको रु १५,२९,९८१.७९ को सम्बन्धमा पालिकाले बैंक विवरण अनुसारको मौज्दात बराबर राखी हिसाब मिलान प्रयोजनार्थ खर्च कम गरेको वा आम्दानी तर्फ सोही बराबरको रकम खुलाउन नसकेको कारण फरक परेको देखिन्छ । फरक सम्बन्धमा एकिन गरी पेश गर्नुपर्ने रु | १,५२९,९८१ |
| ८ | | | **कट्टि रकम दाखिला -** पालिकाको वित्तीय प्रतिवेदन २७२ ले अग्रिम कर लगायत विभिन्न कट्टि रकम रु १२,६५,३४९.१४ दाखिला गर्न बाँकी देखाएको पाइयो । उक्त रकम सम्बन्धीत खातामा दाखिला गर्नुपर्ने रु | १,२६५,३४९ |
| ९ | | | **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:<br>• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।<br>• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीहरुको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रममा खर्च गरेको पाइयो । | |
| १० | | | **योजना तथा वजेट कार्यान्वियन -** योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो व्यवस्था कार्यान्वियन गर्न आवधिक योजना र मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।<br>• दिगो बिकासका लक्ष्य तथा संघ र प्रदेशको आवधिक योजनासँग सामञ्जस्य हुने गरी आयोजना छनौट गर्न स्थानीय स्तरको आयोजना बैंक वा आयोजना सूचि बनाई कार्यान्वियन गर्नुपर्नेमा गरेको पाइएन ।<br>• आयोजना छनौट गर्दा पूँजिगत तर्फ कुल आयोजना संख्या २२८ रहेकोमा रु ५ लाख मुनीका आयोजना संख्या मात्रै १२५ रहेको देखिएकोले स साना टुक्रे आयोजना छनौट गर्ने प्रवृत्तिले यस बर्ष पनि निरन्तरता पाएको देखियो ।<br>• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु १४ करोड ४४ लाख भएकोमा प्रथम त्रैमासिकमा रु ७४ लाख दोश्रो त्रैमासिकमा रु ३ करोड ३१ लाख तेस्रो त्रैमासिकमा रु ३ करोड ११ लाख चौथो त्रैमासिकमा रु ७ करोड २८ लाख र असार महिनामा मात्रै रु. ४ करोड ८९ लाख भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, 2076 को दफा 9 मा अवण्डा वजेट राख्न नमिल्ने सम्वन्धि व्यवस्था छ । गाउँसभाले बजेट विनियोजन गर्दा वडा नं ७ मा भौतिक पूर्वाधार विकास भनी एकमुष्ठ रु बिनियोजन गरेको पाइयो । एकमुष्ठ बजेट राखि आवश्यकता अनुसार पछि बजेट बाडँफाडँ गर्ने कार्य पूर्ण नियन्त्रण भएको देखिएन ।<br>• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले रु १४ करोड ४४ लाखको पूँजिगत खर्च गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. ४ करोड ०३ लाख ९७ हजार रकमान्तर गरेको छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।<br>• आन्तरिक राजस्व अनुमानमा कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण गरेको पाइएन ।<br>• पालिकाको स्थानीय राजस्व क्षमताको खास अध्ययन गरी सोही अनुरुप राजस्व परिचालनको लागि विधि, उपकरण तथा जनशक्ति परिचालन भएको पाइएन ।<br>• मर्मत सम्भार कोष लगायतका कोषहरुको कार्यविधि कानून बनाइ कार्यान्वयन गरेको पाइएन ।<br>• कार्यविधि वेगर आर्थिक सहायता वितरण गरेको देखियो ।<br>• स्थानीय तथ्याकं तथा अभिलेख व्यवस्थापनको लागि नीति, कानून, मापदण्ड तयार गरी कार्यान्वयन गरेको पाइएन । यसबाट स्थानीय तथ्याकं व्यवस्थापन प्रणाली भरपर्दो र विश्वसनिय देखिएन ।<br>• पालिकाले आफ्नो स्वामित्वमा रहेका सबै प्रकारका चल अचल सम्पत्ति सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख नराखेको, साबिक गाउँ विकास समिति र बिषयगत कार्यालयबाट हस्तान्तरण भइ आएका सम्पत्तिहरुको स्पष्ट अभिलेख नराखेको तथा जिन्सी निरीक्षण गरी सो को प्रतिवेदन कार्यान्वयन गरेको पाइएन ।<br>उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ११ | | | **कर्मचारी व्यवस्थाः** | |
| ११. १ | | | **कानुनी सल्लाहकार** - स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धीऐन, २०७५ मा मधेश प्रदेशमा स्थानीयतहका प्रमुख तथा उपप्रमुखले स्वकीयसचिव । सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन्। त्यसैगरी स्थानीय सरकार संचालनऐन, २०७४को दफा८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ। कानुनले ब्यबस्था गरेको भन्दा बिपरित कानुनी सल्लाहकार रुपमा सहायक स्तर तलबभत्ता भुक्तानी हुने गरी बिनोद साह लाई नियुक्त गरी मासिक रु १५००० का दरले भुक्तानी दिनु उचित देखिएन । | |
| ११. २ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । संगठन तथा ब्यवस्थापन सर्वे गरी कर्मचारी दरबन्दी एकिन गरी स्थायी पदपुर्ति गर्ने तर्फ ध्यान दिनुपर्दछ ।<br><br>**पदको नाम** / **स्वीकृत दरवन्दी** / **पदपूर्ति** / **रिक्त पद**<br>बिभिन्न / ९१ / ६० / ३१ | |
| १२ | | | **पेश्की बाँकी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. २८,२१,००० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु<br><br>**पेश्की लिएको मिति** / **गो. भौ. न.** / **पेश्कीको विवरण** / **पेश्की लिनेको नाम** / **पेश्की बाकी** | २,८२१,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>२०७८/०७/२८</td><td>२४</td><td>पोषण कार्यक्रम</td><td>ओमप्रकाश चौधरी</td><td>९,७४,०००.००</td></tr><tr><td>२०७८/०८/०२</td><td>२६</td><td>कोभिड १९ विरुद्ध खोप अभियान संचालन ब्यवस्थापन खर्च</td><td>ओमप्रकाश चौधरी</td><td>१,३२,०००.००</td></tr><tr><td>२०७८/०८/०२</td><td>२६</td><td>स्वास्थ्य संस्थाहरुको चौमासिक एवं बार्षिक समिक्षा</td><td>ओमप्रकाश चौधरी</td><td>२,००,०००.००</td></tr><tr><td>२०७९/०२/१२</td><td>९४</td><td>धान उत्पादन प्रवर्द्धन कार्यक्रम</td><td>अभिषेक चाैधरी</td><td>५,००,०००.००</td></tr><tr><td>२०७९/०२/१३</td><td>१०२</td><td>आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम</td><td>ओमप्रकाश चौधरी</td><td>१,५०,०००.००</td></tr><tr><td>२०७८/०९/१३</td><td>३७</td><td>किसान सूचीकरण कार्यक्रम</td><td>लक्ष्मी नारायण चौधरी</td><td>१,२५,०००.००</td></tr><tr><td>२०७८/१२/१७</td><td>६६</td><td>च्याउ उत्पादन सम्बन्धी तालीम तथा विउ वितरण कार्यक्रम</td><td>श्रीकान्त बछार</td><td>३९,०००.००</td></tr><tr><td>२०७८/१२/१७</td><td>६६</td><td>च्याउ उत्पादन समबन्धी तालीम तथा विउ वितरण कार्यक्रम</td><td>श्रीकान्त बछार</td><td>१,२१,०००.००</td></tr><tr><td>२०७८/१२/१७</td><td>६६</td><td>समुदायमा पशु जन्य उतपदान उपयोग तथा प्रशोधन सम्बन्धी एक दिने तालीम</td><td>श्रीकान्त बछार</td><td>१५,०००.००</td></tr><tr><td>२०७९/०३/०५</td><td>२३९</td><td>सभा सचालन खर्च</td><td>उपेन्द्र प्रसाद साह</td><td>३,८५,०००.००</td></tr><tr><td>२०७९/०३/२०</td><td>१४३</td><td>स्वास्थ्यकर्मिहरूको क्षमता अभिवृध्दि एवं तथ्यांङकको गुणस्तर सुनिश्चित</td><td>विनोद प्रसाद चौधरी</td><td>३०,०००.००</td></tr><tr><td>२०७९/०३/२०</td><td>१४३</td><td>मातृ तथा नवशिशु कार्यक्रम</td><td>विनोद प्रसाद चौधरी</td><td>१,५०,०००.००</td></tr><tr><td colspan="4">जम्मा रु</td><td>२८२१०००</td></tr></table> | |
| १३ | | | **विविध खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ठ्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष विविध खर्च वापत रु. २४,९०,०४७ खर्च गरेको छ । उक्त खर्च पालिकाको कुल आन्तरिक आय रु ५२३१५३१ को तुलनामा ४७.६९ प्रतिशत रहेको देखिन्छ । यस्तो खर्च खाना खाजा लगतायतमा खर्च हुने गरेको देखिन्छ । गाउँसभाले पालिकाबाट सञ्चालन हुने कार्यक्रमको सन्दर्भमा कार्यक्रममा सहभागी हुनेलाई खाना र खाजाको दर तोकेको भएतापनि अन्य अवस्थामा त्यस्तो खर्च कसरी गर्ने वा नगर्ने सम्बन्धी कुनै निर्णय भएको देखिएन ।कानूनी रुपमा मापदण्ड तोकेर मितव्ययी रुपमा खर्च गर्न सकिने भएतापनि पालिकाले यस्तो खर्चमा कुनै मापदण्ड बिकास नगरेको, बिल बिजक भौचर साथ राख्ने गरेतापनि प्रयोजन र औचित्यता तथा आधार पुष्टी गर्ने नगरेको जस्ता कमजोरीहरु देखिएका छन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |
| १४ | | | **चालु तथा कार्यक्रम खर्चः** | |
| १४.१ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट माध्यामिक तहको शिक्षकलाइ प्रति महिना रु २५०००,निम्न माध्यामिक तहको शिक्षकलाइ रु २००००, प्राथमिक तहको शिक्षक लाइ रु १५००० तलब भत्ता वित्तीय समानीकरण अनुदानबाट माध्यामिक शिक्षक १, निमाबि शिक्षक ४ र प्राबि शिक्षक ८ समेत १३ शिक्षक र बालबिकास सहजकर्ता एवं निजि शिक्षकलाइ रु ८५४९०३३ तलब भत्ता भुक्तानी गरेको पाईयो । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गौश्वरा भौचर</th><th>बिधालयको नाम</th><th></th><th>रकम</th></tr>
<tr><td>२०</td><td>९ बिधालयको खातामा निकासा</td><td>श्रावण देखि कार्तिक महिनाको तलब</td><td>११२५०००</td></tr>
<tr><td>२१</td><td>१६ बिधालयको खातामा निकासा</td><td>श्रावण देखि कार्तिक महिनाको तलब</td><td>१२०००००</td></tr>
<tr><td>४४</td><td>५ बिधालयको खातामा निकासा</td><td>श्रावण देखि कार्तिक महिनाको तलब</td><td>६९७०००</td></tr>
<tr><td>११४</td><td>९ बिधालयको खातामा निकासा</td><td>मंसिर पुस महिनाको तलब</td><td>४४८५००</td></tr>
<tr><td>११५</td><td>५ बिधालयको खातामा निकासा</td><td>मंसिर पुस महिनाको तलब</td><td>२६१२३३</td></tr>
<tr><td>१४५</td><td>१६ बिधालयको खातामा निकासा</td><td>माघ फाल्गुन महिनाको तलब</td><td>१६६३०००</td></tr>
<tr><td>१८५</td><td>१६ बिधालयको खातामा निकासा</td><td>चैत्र महिनाको तलब</td><td>८३१५००</td></tr>
<tr><td>२५२</td><td>राम कबिर भगवान आ बि</td><td>शिक्षक व्यबस्थापन अनुदान</td><td>१०००००</td></tr>
<tr><td>२७६</td><td>१६ बिधालयको खातामा निकासा</td><td>बैशाख देखि आषाढ महिनाको तलब</td><td>१७७२८००</td></tr>
<tr><td>२९९</td><td>नेरामाबि सिहासनी</td><td>शिक्षक व्यबस्थापन अनुदान</td><td>१०००००</td></tr>
<tr><td>३००</td><td>गम्भिरा ब्रजकिशोर मा बि गडहन</td><td>कोचिङ कक्षा संचालन अनुदान</td><td>३५००००</td></tr>
<tr><td colspan="3">जम्मा रु</td><td>८५४९०३३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१४.<br>२</td><td></td><td></td><td>आर्थिक सहायता - कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलव्ध गराउने व्यवस्था स्थानिय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन । आर्थिक सहायता तथा वितरणमुखि कार्यक्रमले पूँजि निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पूँजिगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले प्रतिफल नदिने हुन्छ । यस्तो वितरणमुखि एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गतविगतमा सुझाव दिंदै आएकोमा अन्य सामाजिक सहायता शिर्षकबाट ३७ गौश्वरा भौचरबाट रु ६,१६,५०० वितरण गरेको देखिन्छ। कतिपय व्यक्तिहरुलाई सहायत बितरण गर्दा सहायता दिनुको कारण खुल्ने पर्याप्त कागजात समेत संलग्न गरेको देखिदैन । उल्लिखित कमजोरीमा सुधार गर्दै यस्तो खर्चलाई निश्चित विधि र मापदण्डको बिकास गरी नियन्त्रण र प्रतिफलमुखी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.<br>३</td><td></td><td></td><td>कर्मचारीलाइ सोधभर्नाः आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ अनुसार कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल भरपाइ तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्दछ र सम्बन्धित आपुर्तकलाइ भुक्तानी दिनुपर्नेमा पालिकाले नगरपालिका चालु तर्फ ९ वटा भौचरबाट विविध खर्चको लागि रु १३,२७,९७० भुक्तानीमा सम्बन्धित आपुर्तकलाइ भुक्तानी नगरी कर्मचारीलाई सोधभर्ना तथा भुक्तानी गरेको पाइयो । यसरी खर्च गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.<br>४</td><td></td><td></td><td>सफ्टवेयरखरिद - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ। स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद</td><td></td></tr>
</table>

गरी देहाय बमोजिम रु९,९२,१४० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

| मिति | भौ. नं | क्रियाकलापको नाम | आपुर्तकको नाम | डेबिट |
|---|---|---|---|---|
| २०७८/०६/१८ | १९ | अपाङ्ग परिचयपत्र तथा सोफ्टवेर खरीद | ग्लोवल एजुकेशन एण्ड रिसर्च सेन्टर नेपाल | ३,९७,७६०.०० |
| २०७८/०९/१२ | ९२ | कर संकलन प्रणाली सफ्टवेयरको बार्षिक मर्मत खर्च | सफ्टेक इन्फोसिस प्रा.ली. | ७४,५८०.०० |
| २०७८/०९/२८ | ११७ | सुचन प्रणाली तथा सोफ्टवेयर खरीद (sms topup) | समय टेक्नोलोजी प्रा.लि. | २०,३४०.०० |
| २०७९/०३/२४ | २९८ | Web base software Design and development सफ्टवेयर खरीद | डाइनामीक टेक्नोसफ्ट प्रा.लि. | ४,९९,४६०.०० |
| **जम्मा रु** | | | | **९,९२,१४०.००** |

१४.५ **घरभाडा-** पालिकाले यो बर्ष कार्यालय प्रयोजनको लागि भनी घरभाडा शिर्षकमा रु ५,७७,००० खर्च लेखेको देखिन्छ। घरभाडाको दर निर्धारण गर्दा दर रेट निर्धारण समितिबाट नगरेको तथा कुनै उपयुक्त आधार पनि लिएको देखिदैन। घर भाडाको दर कायम गर्दा दर निर्धारण समितिबाट दर कायम गरेर मात्र सम्झौता गरी खर्च लेख्नुपर्दछ।

१५ **भुक्तानीमा कर कट्टी भए नभएको**

१५.१ आयकर ऐन २०५८ को दफा ८८ अनुसार मूल्य अभिवृद्धि कर बिजक जारी नभएको सेवा शुल्क भुक्तानीमा १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्नेमा निम्नानुसार सेवाशुल्क भुक्तानीमा १ प्रतिशत मात्र करकट्टी गरेकोले अपुग १४ प्रतिशत कर असुल गर्नुपर्ने रु ४६,३००

| गौश्वरा भौचर | भुक्तानी पाउनेको नाम | बापत | रकम | कर |
|---|---|---|---|---|
| २८ | रामबाबु साह तेली | बहस खर्च | २५००० | ३५०० |
| ११० | मोहन प्रसाद चौधरी | नापि कार्य | ४६५०० | ६५१० |
| १११ | बिरेन्द्र प्रसाद चौधरी | अधिबक्ता | ९०००० | १२६०० |
| १६९ | रामबाबु साह तेली | बहस खर्च (१० प्रतिशत कट्टा) | ४६००० | २३०० |
| १७८ | मोहन प्रसाद चौधरी | नापि कार्य | ४०५०० | ५६७० |
| २८२ | शुभम कानुनी सेवा | बहस खर्च | ९०००० | १२१५० |
| २८२ | मोहन प्रसाद चौधरी | नापि कार्य | २५५०० | ३५७० |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा रु</td><td>४६३००</td></tr></table></td><td></td></tr>
<tr><td>१५.<br>२</td><td></td><td></td><td>आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ अनुसार कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल भरपाइ तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्दछ र सम्बन्धित आपुर्तकलाइ भुक्तानी दिनुपर्नेमा पालिकाले सम्बन्धित आपुर्तकलाइ भुक्तानी नगरि कार्यपालिका सदस्यलाइ सोधभर्ना तथा भुक्तानी गर्नु अनियमित देखिएको साथै आयकर ऐन २०५८ को दफा ८८ अनुसार भुक्तानीमा अग्रिम कर १.५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्नेमा करकट्टी नभएकोले कर असुल गरी दाखिला हुनुपर्ने रु
<table>
<tr><th>गौश्वरा भौचर</th><th>भुक्तानी पाउनेको नाम</th><th>बापत</th><th>रकम</th><th>कर</th></tr>
<tr><td>१९०</td><td>कार्यपालिका सदस्य जोगेन्द्र साह कानु</td><td>गाडी मर्मत</td><td>३०००००</td><td>४५००</td></tr>
</table></td><td>४,५००</td></tr>
<tr><td>१६</td><td></td><td></td><td>गत वर्षको भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी भौचर नं २९ बाट एक फर्मलाई रु. ३,२२,००० भुक्तानी दिएको छ । तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.</td><td>३२२,०००</td></tr>
<tr><td>१७</td><td></td><td></td><td>पूँजीगत अनुसन्धान तथा परामर्श - सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तीबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै दफा ३१ मा प्रस्ताव माग गर्ने र प्रस्तावदाताको काम सम्बन्धी अनुभव, परामर्शदाताले प्रस्तावित काम सम्पादन गर्ने मेथोडोलोजीको गुणस्तर, प्रस्तावित मुख्य जनशक्तिको योग्यता जस्ता मूल्याकंनको आधारहरु तोकेको छ । पालिकाले निम्नानुसार डिपिआर तथा परामर्श सेवाको लागि भुक्तानी दिएकोमा उक्त प्रा.लि. छनौट गर्दा उपर्युक्त मूल्याकंनका आधारहरु प्रयोग गरी मूल्याकंन गरेको देखिएन । उक्त कार्यको लागत अनुमानमा समावेश जनशक्तिको समयावधि निर्धारणको नर्म्स पनि लेखापरीक्षणको क्रममा पेश हुन सकेन । परामर्श सेवा खरिद गर्दा कानूनले तोकेको उपर्युक्त प्रक्रिया तथा व्यवस्थाको पूर्ण पालना गरिनुपर्दछ ।
<table>
<tr><th>मिति</th><th>भौ. नं.</th><th>परामर्श दाताको नाम</th><th>विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>२०७८/०९/२८</td><td>१२७</td><td>ब्रिक कन्सल्ट प्रा ली</td><td>DPR of patharaghat and Daurwaghat bridge</td><td>४,९६,१३३.००</td></tr>
<tr><td>२०७८/०९/२८</td><td>१२८</td><td>मारुती डिजाइनर्स प्रा ली</td><td>DPR of school building at Baragadhi</td><td>४,९६,८४४.००</td></tr>
<tr><td>२०७९/०३/२४</td><td>३०५</td><td>सेवा परामर्श खर्च</td><td>बिलभरपाईका अधारमा विभिन्न खर्च वापतको रकम भुक्तानी</td><td>६०,०००.००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>११,४२,९७७.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>असम्बन्धीत खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । । पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा बृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा बिभिन्न संघ संस्था, समुह, क्लब लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पालिकाले रकम उपलब्ध गराएको छ । यस्ता संस्था, समुह, पर्व, जात्रा, बिरामी, संस्कृति लगायतमा रकम दिन सक्ने कानुनी व्यवस्था छैन । अतः यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><th>गौश्वरा भौचर</th><th>भुक्तानी पाउनेको नाम</th><th>बिबरण</th><th>रकम</th><th>कैफियत</th></tr>
</table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | १६१ \| उपेन्द्र प्रसाद साह \| होली कार्यक्रम \| २००००० \| २६० खाना मासु रु ९१०००, पानि रु १५००६, २४० गमछा रु ६००००,माला १५० को रु १५००० बिबिध खर्च रु १९१५०<br>१३१ \| उपेन्द्र प्रसाद साह \| गाँउ सभा सदस्यको बिदाइ कार्यक्रम \| ४९२००० \| १९० खाना मासु रु ६६५००, पानि रु ९०००, गमछा १५० को रु ३७५००, ब्याग ७० थान २८००००, डायरी पेन ८२ थान रु ३८९५० प्रशंसा पत्र र फेरेम ३३ थान रु ४९५०० | |
| १९ | | | **मुल्य अभिबृद्धि कर बिजक -** सार्बजनिक खरिद नियमाबली २०६४ को नियम १९ अनुसार बिस हजार रुपैयाँ भन्दा बढीको मालसामान खरिद गर्दा मुल्य अभिबृद्धि करमा दर्ता भएको आपुर्तक सँग खरिद गर्नुपर्ने उल्लेख छ । यस पालिकाले मालसामान खरिद गर्दा मुल्य अभिबृद्धि करमा दर्ता नभएको आपुर्तक सगँ खरिद गरेको अनियमित देखिएको रु<br>**गौश्वरा भौचर** \| **आपुर्तकको नाम** \| **बिबरण** \| **रकम**<br>२१६ \| चौधरी वर्ल्ड कम्यूनिकेशन \| कार्यालय सामाग्री \| १७७०५०<br>२१६ \| रंजिता ट्रेडर्स \| कार्यालय सामाग्री \| १८९२५०<br>२४३ \| चौधरी मोटरसाईकल रिपेयरीङ्ग बर्कशप \| सवारी साधन मर्मत खर्च \| २,२०,०००.<br>२५६ \| ललित बाइक सेन्टर \| सवारी साधन मर्मत खर्च \| ११४४५०<br>२५८ \| चौधरी मोटरसाईकल रिपेयरीङ्ग बर्कशप \| सवारी साधन मर्मत खर्च \| १४४०००<br>३१० \| चौधरी मोटरसाईकल रिपेयरीङ्ग बर्कशप \| सवारी साधन मर्मत खर्च \| १३९२६९<br>**जम्मा रु** \| **७६४०१९** | ७६४,०१९ |
| २० | | | **अनुगमन, मूल्यांकन र भ्रमण खर्च परीक्षणः** | |
| २०.१ | | | भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा अनुगमन तथा भ्रमणगरेको भनी अनुगमन तथा मूल्याकंनमा रु १५,९९,२०० र भ्रमण खर्चमा रु १५,१९,००० खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन । एउटै गोश्बारा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको उचित देखिएन । नियमाबलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २०.२ | | | पालिकाले गौश्वरा भौचर ९७ बाट पदाधिकारी तथा कर्मचारीहरु चितवन भरतपुर तनहु पोखरा लुम्लेसम्म अध्ययन अबलोकन भ्रमण गरेको भनी सरोज कुमार साहको रु ५००००० पेश्कि फर्छौट गरेको छ । भ्रमण संयोजक सरोज कुमार साहको भ्रमण प्रतिबेदनमा चितवन र बन्दिपुरमा बास बसेको उल्लेख भएकोमा पोखराको मात्र खर्चको बिलभर्पाइ पेश भएकोले खर्च को यथार्थता एकिन गर्न सकिएन । तसर्थ संलग्न बिल भर्पाई बमोजिम खर्च भए नभएको एकिन गर्नुपर्ने देखिएको रु | ५००,००० |

| | | | | |
|---|---|---|---|---|
| २१ | | | **MIS मा डाटा इन्ट्री खर्च -** गौश्वरा भौचर ३२३ बाट वडा सचिबलाइ MIS तालिम पेश्की फर्छ्यौट सरोज कुमार साह रु २००००० भएकोमा MIS मा डाटा इन्ट्री खर्च प्रति संख्या रु १० का दरले ४६४१ संख्या को रु ४६४१० को खर्चको बिल पेश भएकोमा डाटा इन्ट्री गर्ने कामकै लागि निश्चित पारिश्रमिकमा MIS अपरेटरको व्यवस्था रहेकोमा निजले नियमित रुपमा गर्ने कार्यकै लागि पुनः MIS मा डाटा इन्ट्री खर्च भनी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु | ४६,४१० |
| २२ | | | **बढी भुक्तानी -** गौश्वरा भौचर ३२३ बन्धयाकरण शिविर सचालन कार्यको कार्यक्रम सयोजक ओमप्रकाश चौधरीलाइ सोधभर्ना भुक्तानी रु ३,४९,००० भएकोमा खर्चको बिलभर्पाइ रु ३,१३,९८३ श्रेस्तासाथ रहेकोले रु ३५,०१७ को बिल भरपाइ अपुग भएकोले बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु | ३५,०१७ |
| २३ | | | **कार्यालय सामान तथा सेवाहरू परीक्षणः** | |
| २३.१ | | | **कार्यालय सम्वन्धि खर्च -** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट मसलन्द तथा कार्यालय सामाग्रीमा ५४ वटा गौश्वरा भौचरबाट रु ५७,९९,०६१ खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ । | |
| २३.२ | | | **इन्धनको लगबुक -** आर्थिक कार्यविधि तथा बित्तीय उतरदायित्व ऐन २०७५ को दफा ३९ अनुसार खर्चको बील भर्पाई सहितको लेखा राख्नु पर्दछ । पालिकाले इन्धन कार्यालय प्रयोजन मा रु ३४९९९०२, इन्धन पदाधिकारी रु ९३९७६६ र इन्धन अन्य प्रयोजन रु ३२८७५ खरिद गरेवापत आयल स्टोरलाई भुक्तानी गरेको छ । ।मलेपफान ९०५ सवारीसाधनको लगबुकमा प्रत्येक सवारी साधनको लागी बेग्लाबेग्लै सवारी लगबुक राख्नुपर्नेमा र सबै महल भर्नु पर्नेमा पालिकाले सवारी लगबुक लुज सिटमा राखेको छ जसले गर्दा सवारी साधानको इन्धन खपत र गुडेको किलोमिटर बिष्लेषण गर्न सकिएन अत प्रत्येक सवारी साधनको लागी बेग्लाबेग्ल सवारी लगबुक राख्नुपर्दछ ।साथै इन्धन खर्च लेख्दा अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाबाट जारी कार्य सञ्चालन निर्देशिका २०७५ अनुसार इन्धन खर्च पाउने मापदण्ड अनुसार खर्च लेख्नुपर्दछ । | |
| २३.३ | | | **सवारी साधन मर्मत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी सवारी साधन मर्मत खर्चमा रु ३९,६९,८१७ लेखेको छ । नियमको पालना तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।पालिकाले उपलब्ध गराएको बिबरण अनुसार ३६ सवारी साधनको लागी मर्मत खर्च रु ३९,६९,८१७ गरेबाट औषतमा एउटा सवारीको लागी रु १,१०,२७२ मर्मत खर्च भएको देखिएकोले त्यस्तो खर्चलाइ ब्यबस्थित एंब नियन्त्रण गर्नुपर्दछ । | |
| २३.४ | | | **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण खरिद गरी बिभिन्न फर्मलाई रु २७,९६,९९४ भुक्तानी दिएको छ। पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने | |

| | | | | |
|---|---|---|---|---|
| | | | औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ । | |
| २३.५ | | | **पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु ५ लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्नसकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट ५ लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु ३५,७६,२९३ खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ । | |
| २४ | | | **पारिश्रमिक खर्च परीक्षणः** | |
| २४.१ | | | **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्थाछ । पालिकाले यो बर्ष तलबको १० देखि ३६ प्रतिशतसम्म ११ महिनाको गाँउपालिकाका ५७ जना कर्मचारी लाइ प्रोत्साहन भत्ता बापत रु ३४,५७,२५५ खर्च लेखेको छ । त्यस्तै विभिन्न पदका ११ जनासम्म कर्मचारीलाई नीति तथा कार्यक्रम तयारी लगायतका शिर्षकमा रु ४,५०,४०२ भत्ता बितरण गरेको देखिन्छ । आफ्नो आन्तरिक आय जम्मा रु २९,७५,२९२ रहेको पालिकाले कर्मचारी भत्तामा मात्र रु ३९,०७,६५७ अर्थात आन्तरिक आयको तुलनामा १३१.३४ प्रतिशत बढी खर्च गरेको देखिन्छ । यस्तो खर्च कानूनद्वारा व्यवस्थित गरिनुपर्दछ । | |
| २४.२ | | | **थप महिनाको तलब -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्थाछ। स्थानीयतहले कानून नबनाई यो बर्ष तलबको १० देखि ३६ प्रतिशतसम्म ११ महिनाको गाँउपालिकाका ५७ जना कर्मचारीलाइ प्रोत्साहन भत्ता खर्च रु ३४,५७,२५५ गरेकोमा निम्न कर्मचारीलाइ नीति तथा कार्यक्रम तयारीमा खटिए बापत १ महिनाको तलब प्रोत्साहन, लिसा कार्यक्रम तयारीमा खटीए बापत १ महिनाको तलब प्रोत्साहन, गाउँसभामा खटिए बापत १ महिनाको तलब प्रोत्साहन रकम भुक्तानी भएको देखिन्छ । यसरी प्रोत्साहन भत्ताको अलावा थप प्रोत्साहन भत्ता पाउने आधार प्रमाण पेश गर्नुपर्ने रु | ४५०,४०२ |

| कर्मचारीको नाम | नीति तथा कार्यक्रम तयारी बापत १ महिनाको तलब प्रोत्साहन | लिसा कार्यक्रम तयारी बापत १ महिनाको तलब प्रोत्साहन | गाउँसभामा खटिए बापत १ महिनाको तलब प्रोत्साहन | जम्मा रु |
|---|---|---|---|---|
| प्रप्रअ आमोद चौधरी | ३२२९१ | ३२२९१ | ३२२९१ | ९६८७३ |
| लेअ अजय चौधरी | ३३८८९ | ३३८८९ | ३३८८९ | १०१६६७ |
| महेश कुमार ठाकुर | ३२२९१ | | | ३२२९१ |
| श्याम बाबु महतो | २५६७० | | | २५६७० |
| राज किशोर चौधरी | २५६७० | | | २५६७० |

| | | | | |
|---|---|---|---|---|
| उपेन्द्र प्रसाद साह | १५३०० | | १५३०० | ३०६०० |
| धुरेन्द्र ठाकुर | | ३२२९१ | | ३२२९१ |
| सरोज कुमार साह | | २३८० | २३८०० | ४७६०० |
| रामु रेग्मी | | | २५६७० | २५६७० |
| लालबाबु प्रसाद साह | | | १५३०० | १५३०० |
| चन्द्रिका प्रसाद तली | | | १९७३० | १६७७० |
| **जम्मा रु** | **१६५१११** | **१२२२७१** | **१६३०२०** | **४५०४०२** |

| | | | | |
|---|---|---|---|---|
| २४.३ | | | **तलवी प्रतिवेदन-** निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ , शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई गाउँपालिका तर्फ रु.१४४००१९४ र संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम तर्फ रु ४,२०,३३,५२८ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । | |
| | | | गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ । | |
| ४८ | | | **बिद्यालयगत निकासा** - पालिकाले प्रत्येक बिद्यालयको स्थायी र अस्थायी दरवन्दी र राहात कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी बिद्यालयगत निकासा खाता अध्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको बिद्यालयगत स्थिति स्पष्ट हुन सकेन । अत बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ । | |
| ४९ | | | **दरवन्दी मिलान** - शिक्षा नियमावलीले ब्यवस्था गरे अनुसार बिद्यालयगत शिक्षकको दरबन्दी मिलान गर्नुपर्नेमा यस पालिकामा जिल्ला शिक्षा इकाई कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.बि., नि.मा.बि. र मा.बि. मा राहात दरबन्दी र बिद्यालयको अवस्था, तथा बिद्यार्थीको संख्या एकिन गरी पालिकाले दरबन्दी मिलान गरेको देखिएन । दरबन्दी मिलान नहुँदा कूनै विद्यालयमा शिक्षक बढी हुने र कुनै विद्यालयमा शिक्षक अभाव हुन गई पालिकाको शैक्षिक प्रणालीमा नै नराम्रो असर पर्न जाने भएकाोले समयमै दरबन्दी मिलान गर्नुपर्दछ । अतः यसरी दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलबको लागि निकासा दिएको रकम वास्तबिक हो भनी एकिन गर्न सकिएन । | |
| ५० | | | **शिक्षण सिकाई सहजीकरण** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा शिक्षण सिकाई सहजीकरणका क्रियाकलापमा विनियोजित बजेटबाट गाउँपालिकाले गो.भौ.नं.१६५।२०७९।३।२४ बाट स्वास्थ्य सामाग्री खरिद वापत केवलेश्वर मेडि सेल्सलाई रु.३९६१२३ भुक्तानी गरेको छ । कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा शिक्षण सिकाई सहजीकरणका लगि प्रभावकारी बनाउनुपर्नेनेमा गाउँपालिकाले उक्त क्रियाकलापमा विनियजित रकम, फ्रिज हुन नदिनका लागि आर्थिक बर्षको अन्यमा सामान खरिद गर्नु औचित्यपुर्ण देखिएन । स्वास्थ्य सामाग्री खरिद गरी मौज्दातामा राखी वितरण भएको नदेखिएको रु. | ३९६,१२३ |
| ५१ | | | **शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका विद्यालयहरुलाई एकमुष्ट अनुदान** - यस क्रियाकलापमा बजेट विनियोजन भएका स्थानीय तहले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेवसाइटमा रहेका विद्यालयहरुका लागि बार्षिक एकमुष्ट विद्यालय संचालन कार्यविधि २०७६ मा उल्लेखित अनुदान प्राप्त गर्ने सर्त पुरा गरेको सुनिश्चितता भए नभएको एकिन गरी सर्त पुरा गरेका विद्यालयलाई केन्द्रले तोके अनुसारको ढाँचामा विधालय संचालनको लागि करार सम्झौता गरी कार्य सम्पादनको आधारमा बार्षिक एकमुष्ट १० लाख अनुदान प्रदान गर्ने व्यवस्था छ । साथै विद्यालयले कार्य सम्पादन करारमा उल्लेखित सर्त अनुसार कार्य सम्पादन भए नभएको नियमित अनुगमन गरी सोको कार्य प्रगति केन्द्रमा पठाउनुपर्ने व्यवस्था छ । आर्थिक बर्ष २०७८।७९ का लागि एकमुषट अनुदान प्रादन गर्ने सम्बन्धी उक्त केन्द्रको शिक्षक व्यवस्थापन समन्वय शाखाबाट च.नं.१८० मिति २०७८।१०।२० मा जारी परिपत्रमा बारागढी गाउँपालिका, बाराको कुनै पनि विद्यालयको नाम समावेश नभए तापनि यस आर्थिक बर्षमा गाउँपालिकाले निम्न विद्यालयहरुलाई बार्षिक एकमुष्ट अनुदान प्रदान गरेको पाइयो । यसरी निकासा दिइएको अनुदान रकमको सदुपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।<br><br>**गो.भौ.नं.** \| **विद्यालयको नाम** \| **एकमुषट रकम**<br>४९।२०७८।९।२७ \| श्री राम कविर आधारभूत विद्यालय खोपवा \| १००००००<br>\| श्री जता आधारभूत विद्यालय बसतपुर \| १००००००<br>\| श्री ने रा आ वि अगहलमा \| १०००००० | |

| | | | | |
|---|---|---|---|---|
| | | | **जम्मा** \| ३०००००० | |
| ५२ | | | **दिवा खाजा कार्यक्रम** - पालिकाले यस बर्ष सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुलाई कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं.२.७.११.१ अनुसार प्रति विद्यार्थी रु.१५ का दरले गो.भौ.नं. ६५ र १०५ बाट विद्यालयको खातामा रु.३६८९१५५ निकासा खर्च लेखेको छ । ६९.४८ दिनको १५ का दरले १०४२ दिनको दिवा खाजा वापतको रकम निकासा गरी विद्यालयबाट पेश भएको फाँटवारी परीक्षण परीक्षा संचालन भएको वेलाको दिवा खाजा खर्च वास्तविक हो भनी एकिन हुन नसकिएकोले पालिकाबाट निकासा भएको रकम र विद्यालयहरुले पेश गरेको दिवा खाजाको वील भरपाई भिडान गरेको शिक्षा शाखाबाट प्रमाणित प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ५३ | | | **शैक्षिक पहुँच सुनिश्चितता** - अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रमः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं.२.७.१३.११ अनुसार सामुदायिक सिकाई केन्द्र संचालन अनुदान अन्तर्गत संचालन तथा व्यवस्थापनका लागि रु.१ लाख र प्रस्तावनाका आधारमा थप रु.१ लाख गरी रु.२ लाख साभारण सभा भएका, विधान बमोजिम पदाधिकारी निर्वाचन भएका, साधारण साभाबाट बजेट तथा कार्यक्रम पास भएका, गत आ.ब. को खर्च स्वीकृत गरेका र लेखापरीक्षण प्रतिवेदन पेश गरेका सिकाई केन्द्रलाई अनुदान दिन सकिने व्यवस्था छ । साथै भर्ना अभियानः यस कार्यक्रमका लागि Equity Inbox का आधारमा छनोट भएका स्थानीय तहले सवै वालवालिकालाई विद्यालय शिक्षा सुनिश्चित गर्न विद्यालय बाहिर रहेका वालबालिकाहरुका विस्तृत सर्वेक्षण गरी समता रणनिति कार्यान्वयन योजना (Equity Strategy Implementation Plan) निर्माण गरी स्वीकृत गर्ने व्यवस्था छ । स्वीकृत समता रणनिति कार्यान्वयन योजना अनुरुप विद्यार्गी भर्ना र निरन्तरताका लागि कार्यक्रम तय गरी कार्यान्वयन गर्ने व्यवस्था छ । यस कार्यक्रमका लागि स्थानीय तहले समेत बजेट थप गरी विद्यालय उमेरका सवै वालबालिकाको विद्यालय शिक्षा सुनिश्चित भएको घोषणा गर्ने व्यवस्था भएकोमा गाउँपालिकाले निम्न विद्यालय तथा सामुदायिक सिकाई केन्द्रहरुलाई प्रति विद्यार्थीका आधारमा भर्ना अभियान संचालन गर्न रु. ५४१२५० निकासा भएकोमा सो अनुसार कार्य भए नभएको सनुश्चितताको लागि प्रगति प्रतिवेदन तयार गरी पेश गर्नुपर्दछ । | |

| गो.भौ.नं. | सामुदायिक सिकाई केन्द्रको नाम | वापत | सिकाई केन्द्र अनुदान | भर्ना तथा साक्षर अभियान अनुदान | जम्मा अनुदान |
|---|---|---|---|---|---|
| १४१।२०७९।३।२० | श्री माँ सरस्वती मामुदायिक सिकाई केन्दर विशुनपर्वा | सामुदायिक सिकाई केन्द्र अनुदान | २००००० | १०८२५० | ३०८२५० |
| | श्री जनचेतना सामुदायिक सिकाई केन्द्र खोपावा | सामुदायिक सिकाई केन्द्र अनुदान | २००००० | १०८२५० | ३०८२५० |
| | श्री जनच्तना सामुदायिक सिकाई केन्द्र सुदपथरा | सामुदायिक सिकाई केन्द्र अनुदान | २००००० | १०८२५० | ३०८२५० |
| | श्री बारागढी सामुदायिक सिकाई केन्द्र चरचन्तपथरा | सामुदायिक सिकाई केन्द्र अनुदान | २००००० | १०८२५० | ३०८२५० |
| | श्री ज्ञान गंगा सामिदायिक सिकाई केन्द्र गड्हल | सामुदायिक सिकाई केन्द्र अनुदान | २००००० | १०८२५० | ३०८२५० |
| **जम्मा** | | | | **५४१२५०** | **१५४१२५०** |

| | | | | |
|---|---|---|---|---|
| ५४ | | | **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को | ६५०,००० |

क्रियाकलाप नं.२.७.१३.१३ मा व्यवस्था छ । कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका विद्यालयलाई ICT ल्याव व्यवस्थापनका लागी रु.६५०००० का दरले निकासा भएको देखिन्छ । विद्यालय र पालिकाबीच भएको सम्झौता पत्र अनुसार विद्यालयले २०७९ असार मसान्तसम्ममा कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । विद्यालयले कार्यसम्पन्न प्रतिवेदन पेश गरेका छैन । कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने रु...

| गो.भौ.नं. | विद्यालयको नाम | वापत | रकम |
|---|---|---|---|
| ७१।२०७८।१२।२९ | श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय चरबन्त पथरा | ICT अनुदान | ६५०००० |

५५ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १३५७ जना रहेका छन। पालिकाले गो.भौ.नं१६४ बाट १०३५० थान स्यानिटरी प्याड र ३ थान स्यानिटरी भेन्डिङ्ग्क मेसिन रु ९२३९८८ मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

५६ **अनुदान निकासा** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ अनुसार गाउँपालिकाले यस बर्ष २३ वटा विद्यालयहरुका लागि विभिन्न क्रियाकलापहरुमा रकम रु. १४,४२,००० निकासा गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ अनुसार निकासा रकमको वास्तविक खर्च भए नभएको सुनिश्चित गर्न प्रगति प्रतिवेदन पेश गर्नुपर्दछ ।

| गो.भौ.नं. | विद्यालय संख्या | वापत | रकम |
|---|---|---|---|
| ९९।२०७९।२।१३ | दिवा खाजा १६ वटा विद्यालय | प्रति विद्यार्थी लागका आधारमा शिक्षण शिकाई सामाग्री एवम कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | १२००१०० |
| १००।२०७९।२।१३ | दिवा खाजा १६ वटा विद्यालय | विद्यालयमा शैक्षिक गुणतर सुद्धीढीकरण एवम कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | १४४००० |
| १०१।२०७९।२।१३ | दिवा खाजा १६ वटा विद्यालय | विद्यालय व्यवस्थापन तथा संचालन अनुदान | ९००००० |
| १४१।२०७९।३।२० | श्री जनता आ वि पिप्रा | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | १०८२५० |
| १३७।२०७९।३।२० | श्री ने.रा.उमेश नीलम आधारभूत विद्यालय सुखीपावरा | शिक्षक सिकाई अनुदान शिक्षक | ८७४२० |
| | श्री ने.रा.आ.वि. बिशुनपर्वा | शिक्षक सिकाई अनुदान शिक्षक | ८७४२० |
| | श्री नेपाल रा.मा.वि. संहासनी | शिक्षक सिकाई अनुदान शिक्षक | २२९३२८ |
| | श्री ने रा आ वि पथरा | शिक्षक सिकाई अनुदान शिक्षक | ८६४८० |
| | श्री नथुनी आ वि दौवा | शिक्षक सिकाई अनुदान शिक्षक | ८६४८० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१५०।२०७९।३।२२</td><td>१६ जटा विद्यालय</td><td>शैक्षिक पहुँच सुनिश्चितता तथा अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम ECD KID Box खरिद</td><td></td></tr>
<tr><td rowspan="2">१६५।२०७९।३।२४</td><td rowspan="2">केवलेश्वर मेडि सेल्स</td><td>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं.२.७.२५.६२ कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रम</td><td rowspan="2">३९६१२३</td></tr>
<tr><td>१ सजीकल माक्स १०७८ प्याकेट प्रति १५४.८६</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३९०६३८६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>बढी भुक्तानी - कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणमा लागि केवलेश्वर मेडि सेल्सले पेश गरेको विल अनुसार रु.३९६१२३ खर्च गरेकोमा आय कर रु.५५८४ र भ्याट रु.७१५९ कट्टा गरी रु.३८३३८० भुक्तानी गर्नुपर्नेमा रु.३८७२५७ गरेकोले बढी भुक्तानी भएको रकम रु.३८७७ सम्बन्धितबाट असुल गर्नुपर्ने रु.</td><td>३,८७७</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>पाठ्यपुस्तक तर्फ - कार्यक्रम कार्यान्बयन पुस्तिका आ.ब २०७७।०७८ को सि.नं २.४.६.१ अनुसार सामुदायिक विलालयमा अध्ययनरत कक्षा १ देखि १० सम्मका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक वितरण अनुदान २४ वटा बिद्यालयहरुको खातामा गो.भौ.नं.९८ बाट रु.१९३६६८० र गो.भौ.नं.१४० बाट रु.७९०३२५ गरी जम्मा रु.२७२७००० निकासा भएकोमा गाउँपालिकाले निकासा गरेको रकम बमोजिम पाठ्यपुस्तक बितरण भए नभएको गाउँपालिकाले भिडान गरी पाठ्यपुस्तक बितरणको सुनिश्चितता प्रदान गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>छात्रावृत्ति अनुदान - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ७.२.१.१ मा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा रु.११०३६०० निकासा गरेको छ। EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन। साथै विद्यालयले छात्रावृत्ति वितरण गरेको भर्पाई पेश भएको छैन। अत: पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ भने विद्यालयले छात्रावृत्ति वितरणको भरपाई पालिकामा पेश गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>स्वास्थ्य तर्फ</td><td></td></tr>
<tr><td>६०.१</td><td></td><td></td><td>तलवी प्रतिवेदन - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कुनै पनि कर्मचारीको तलवि प्रतिवेदन सम्वन्धीत जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खुवाउने व्यवस्था छ। त्यस्तै दफा ७ ख २ अनुसार तलवी प्रतिवेदन पारित नगराई तलब खुवाएमा यस्तो तलब खुवाउने पदाधिकारीवाट असुल गराउनु पर्ने प्रावधान छ। यस वर्ष गाउँपालिकाले स्वास्थ्य कर्मचारीहरुको तलव भत्ता खर्च रु.१,५८,४४,८८६ लेखेकोमा तलवी प्रतिवेदन पारित नभएकोले तलव र ग्रेड भिडान गर्न सकिएन। ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>६०.२</td><td></td><td></td><td>पारिश्रमिक कर - आयकर ऐन २०५८ को दफा ८७ मा रोजगारी आयमा कर कट्टी गर्ने सम्बन्धी व्यवस्था छ। आर्थिक बर्ष २०७८।७९ मा निम्न कर्मचारीहरुलाई लाग्ने कर कटा नगरेकोले उक्त कर रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><td>कर्मचारीको नाम</td><td>कुल बार्षिक आय</td><td>कर योग्य आय</td><td>कर रकम</td></tr>
</table>
</td><td>११६,५७६</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ओम प्रकाश चौधरी</td><td>७९६१६२</td><td>१३०९७८</td><td>१६१९६</td></tr>
<tr><td>रामेश्वर चौधरी</td><td>७७८१७१</td><td>१४००२७</td><td>१८००५</td></tr>
<tr><td>पारस प्रसाद चौधरी</td><td>७७८१७१</td><td>१४००२७</td><td>१८००५</td></tr>
<tr><td>विनय भुषण कुमार चौधरी</td><td>७९६१६२</td><td>१५४९७८</td><td>२०९९६</td></tr>
<tr><td>कैलाश राय यादव</td><td>७७८१७१</td><td>१४००२७</td><td>१८००५</td></tr>
<tr><td>रामबाबु साह</td><td>५८३६३६</td><td>१३०५६</td><td>१३०६</td></tr>
<tr><td>शिला देवि साह</td><td>६४०८३४</td><td>८४५८६</td><td>८४५९</td></tr>
<tr><td>गिता चौधरी</td><td>६४०८३४</td><td>८४५८६</td><td>८४५९</td></tr>
<tr><td>शान्ता रिजाल</td><td>६२५०१५</td><td>७१४४१</td><td>७१४५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>११६५७६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६०.३</td><td></td><td></td><td>औषधि खरिद - पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षक तर्फ भौचर नं १६१ र १६६ बाट औषधि र उपकरण खरिद गरी २ वटा फर्मलाई रु.१३,९९,४७३ भुक्तानी दिएको छ । पालिकाले औषधी खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६०.४</td><td></td><td></td><td>न्यानो झोला कार्यक्रम- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका १ बर्थिङ सेन्टरमा गत वर्ष २२२ थान र यस वर्ष २२० थान खरिद गरेकोमा गत वर्ष ० जना र यस वर्ष ३३ जना र गरी ३३ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ४०९ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६०.</td><td></td><td></td><td>शीर्षक फरक पारी खर्च - स्वीकृत एकिकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ को (दोस्रो परिमार्जन) अनुसार सरकारी खर्च गर्दा सम्बन्धित</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५ | | | खर्च शिर्षकबाट खर्च तथा भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले गो.भौ.नं. १४४, मिति २०७९।३।२० बाट राष्ट्रिय महिला स्वास्थ्य स्वयमसेविका कार्यक्रम यातायात खर्च बार्षिक समिक्षा गोष्ठी र दिवस सम्बन्धधी खर्चबाट गाउँपालिकाले मिति २०२०७९।१।४ देखि ०७९।१।१० सम्म संचालित टाइफाइड खोप विरुद्धको खोप कार्यक्रम संचालनको व्यानर वापत रु.६००० र खाजा वापत र.६९००० गरी जम्मा रु.७५००० गरेको देखिएको छ । यसरी सम्बन्धित खर्च शीर्षकबाट खर्च नगरी फरक खर्च शीर्षकबाट खर्च भुक्तानी गर्नु उचित देखिएन । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार हुनपर्दछ । | |
| ६१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | |
| ६१.१ | | | प्रधानमन्त्री रोजगार कार्यक्रम - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा ७ योजना सञ्चालन गरी यस वर्ष २२० जनालाई औसत ५२ दिनले ११४७१ दिन रोजगारी उपलब्ध गराई रु.६६१८७३७ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ । | |
| ६१.२ | | | पारिश्रमिक करः आयकर ऐन २०५८ को दफा ८७ मा रोजगारी आयमा कर कट्टी गर्ने सम्बन्धी व्यवस्था छ । आर्थिक बर्ष २०७८।७९ मा निम्न कर्मचारीहरुलाई लाग्ने कर कटा नगरेकोले उक्त कर रकम असुल गर्नुपर्ने रु<br><table><tr><th>कर्मचारीको पद</th><th>बार्षिक आम्दानी</th><th>कर योग्य काय</th><th>बार्षिक कर</th></tr><tr><td>रोजगार संयोजक</td><td>५०३८७०</td><td>५३८७०</td><td>५३८७</td></tr></table> | ५,३८७ |
| ६२ | | | **प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम** | |
| ६२.१ | | | अनुदानः गाउँपालिकाले कृषि तथा पशु शाखामा अनुदानको लागि कृषक, कृषक समुह, कृषक सहकारी संस्था छनोट तथा मुल्याङ्कन गर्न कार्यविधि तयार गरी सोही बमोजिम लाभग्राही छनौट तथा मुल्याङ्कन गर्ने कार्यहरु गर्नुपर्दछ । गाउँपालिकाले अनुदान कार्यक्रम संचालन गरेकोमा कार्यविधि तयार नगरी लाभग्राही छनौट, कामको मुल्याङ्कन लगायत कार्य नगरी कृषक छनोट गर्दा वास्तविक लाभग्राही छनोट भई लाभान्वित भएका छन भन्न सक्ने अवस्था समेत छैन । पालिकाले यो बर्ष ८ वटा भौचरबाट मकै खेतीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम, धान उत्पादन प्रबर्द्धन कार्यक्रम विज तथा मलखाद भण्डार लगायत कार्यक्रमको लागि विभिन्न कृषक समूह तथा कृषि सहकारी संस्था लिमिटेडको लागि रु ३७,३६,१६७ अनुदानमा खर्च गरेको छ । अतः गाउँपालिकाले कार्यविधि निर्माण गरी लाभग्राही छनोट, मुल्याङ्कन, खर्च सम्बन्धी सम्पूर्ण कार्य कार्यविधि अनुसार गरी खर्च प्रभावकारी, मितव्ययी तथा पारदर्शी गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६२.२ | | | **बढि भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ ५ अनुसार सरकारी रकम खर्च गर्दा आवश्यक वील भरपाई संलग्न गरी र सोही नियमावलीको नियम ३९१० बमोजिम रितपुगे नपुगेको परीक्षण गरी भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले धन उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत ना.प्र.स. श्री अभिषेक चौधरीलाई ५० प्रतिशत रु.२९७२५ मात्र भुक्तानी गर्नुपर्नेमा रु.३२१५० भुक्तानी भएकोले बढि | २,४२५ |

<table>
<tr><td></td><td></td><td></td><td>भुक्तानी भएको रकम रु.२४२५ सम्बन्धितबाट असुल गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>निरन्तर अनुगमन तथा प्रतिवेदन - प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ६ मा परियोजना अन्तर्गत संचालन हुने सम्पूर्ण क्रियाकलापहरुको नियमित नतिजा अनुगमन सम्बन्धित स्थानीय तह मार्पत Result Based Management Information System अनुसार गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले सम्पूर्ण क्रियाकलापको अनुगमन गरी प्रतिवेदन पेश गरेको देखिएन । यस्तो कार्यमा सुधार गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>सीप विकास तालिम - गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाका सीप विकास तालिम (आलु चिप्स, कुशन गुडिया, सावुन र सर्फ, जुत्ता चप्पल बनाउने लगायतका) मा रु.९४८४९९प खर्च छ । गाउँपालिकाले उद्यशीलता विकास तालिम लिएका र जेसीएमआईएस सफ्टवेयर तथ्याङ्क अद्यावधिक भएका व्यक्तिहरु समावेश गरी तालिम सञ्चालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>युनिसेफ तर्फ</td><td></td></tr>
<tr><td>६५.<br>१</td><td></td><td></td><td>बढी भुक्तानी- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च लेख्दा आवश्यक वील भरपाई तथा प्रमाणित कागजात संलग्न गरी खर्च लेख्नुपर्ने व्यवस्था भएकोमा गाउँपालिकाले भौ.नं.१०।२०७८।८।१९ दीवस तथा समारोह विद्यालय शौचालय दिवास क्रियाकलाप नं.५.२.६ बाट रु.२५००० र पालिका स्तरीय सरसफाई कार्यदलको बैठक वापत रु.६००० भुक्तानी भएकोमा संयोजक श्री उपेन्द्र प्रसाद साहले पेश गरेको बील तथा भरापई परीक्षण गर्दा रु.६००० कम देखिएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.</td><td>६,०००</td></tr>
<tr><td>६५.<br>२</td><td></td><td></td><td>कार्य सम्पपन्न प्रतिवेदन- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ बमोजिम वास्तविक कार्य सम्पादनको आधारमा प्राविधिक नाप जाँच गरी विल र विजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तगर्गत संचालन भएको योजनाहरुको कार्य सम्पन्न भएको भनी प्राविधिकले कार्य सम्पन्न प्रतिवदेन तयार गरेको पाइएन । तसर्थ कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने रु
<table>
<tr><th>गो.भौ.नं</th><th>फर्मको नाम</th><th>वापत</th><th>रकम</th></tr>
<tr><td>३१।२०७९।३।२४</td><td>शर्मा कन्सट्रक्सन</td><td>शौचालय निर्माण</td><td>५४९०३१</td></tr>
</table></td><td>५४९,०३१</td></tr>
<tr><td>६६</td><td></td><td></td><td>आन्तरिक लेखापरिक्षण - आर्थिक कार्यबिधि तथा बितिय उतरदायित्व नियमावली २०७७ को नियम ८५ अनुसार आन्तरिक लेखापरिक्षण प्रतिबेदनमा उल्लेख बेरुजु अन्तिम लेखापरिक्षण हुनु अगाबै फर्छौट गर्नुपर्ने उल्लेख छ । पालिकाले आन्तरिक लेखापरिक्षण प्रतिबेदनमा उल्लिखित बेरुजु अन्तिम लेखापरीक्षण अवधिसम्म पनि फर्स्यौट नगरेको रु
<table>
<tr><th>गौश्वरा भौचर</th><th>बिबरण</th><th>आन्तरिक लेखापरिक्षण प्रतिबेदनको ब्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१४</td><td>सवारीचालक</td><td>भर्पाइ नभएको</td><td>१८०००</td></tr>
<tr><td>१९</td><td>अपाङ्गता परिचयपत्र तथा सफटवेयर खरिद</td><td>स्रेस्ता पेश नभएको</td><td>प्रतिबेदनमा उल्लेख नभएको</td></tr>
</table></td><td>१,४७९,८६४</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| २७ | भुक्तानी वडा नं ३ संचालन खर्च | खरिद आदेश र दाखिला प्रतिबेदन बेगर भुक्तानी | ५९३२५ |
| २४५ | औषधि खरिद | खरिद आदेश र दाखिला प्रतिबेदन बेगर भुक्तानी | ३०००० |
| २५४ | औषधि खरिद | खरिद आदेश र दाखिला प्रतिबेदन बेगर भुक्तानी | ४९५०० |
| २७२ | संचालन खर्च | खरिद आदेश र दाखिला प्रतिबेदन बेगर भुक्तानी | १६५७९७ |
| ३८ | स्टेशनरी खर्च | कार्यसंचालन निर्देशिकाको मापदण्ड भन्दा बढी भुक्तानी स्टेस्नरी खर्च असुल गर्नुपर्ने रु | ६२७० |
| ३९ | स्टेशनरी खर्च | कार्यसंचालन निर्देशिकाको मापदण्ड भन्दा बढी भुक्तानी स्टेस्नरी खर्च असुल गर्नुपर्ने रु | २५५०० |
| ५७ | औषधि खरिद | स्रेस्ता पेश नभएको | प्रतिबेदनमा उल्लेख नभएको |
| ५८ | अनमोल पोष्ट डट कम | सक्कल बिलपेश नभएको | १५००० |
| ६६ | कर कट्टी | बैक दाखिला भौचरपेश हुनुपर्ने | २२२२९७ |
| १२६ | फुटबल प्रतियोगिता | बढी भुक्तानी असुल गर्नुपर्ने | २३५३ |
| १३० | बिबिध खर्च | भर्पाइ भन्दा बढी भुक्तानी असुल हुनुपर्ने रु | ३५७५० |
| १९० | डोजर मर्मत | अग्रिम कर असुल गर्नुपर्ने | ४५०० |
| २०४ | बहुक्षेत्रिय पोषण | भर्पाइ नभएको | प्रतिबेदनमा उल्लेख नभएको |
| २२३ | न्याय समिति | कागजात प्रमाणित नभएको | प्रतिबेदनमा उल्लेख नभएको |
| २३१ | स्टेशनरी खर्च | कार्यसंचालन निर्देशिकाको मापदण्ड भन्दा बढी भुक्तानी स्टेस्नरी खर्च असुल गर्नुपर्ने रु | ३०७५० |
| २४१ | भत्ता | बढी भुक्तनी असुल गर्ने | १६३२० |
| २७४ | | बिलभर्पाइ नभएको | २३५२१० |
| २९३ | | खरिद आदेश नभएको | २५००० |
| २९७ | | जिन्सि दाखिला नभएको | प्रतिबेदनमा उल्लेख नभएको |

| | | | |
|---|---|---|---|
| ३०१ | | लागत अनुमान नभएको | प्रतिबेदनमा उल्लेख नभएको |
| ३०६ | | बिलभर्पाइ नभएको | प्रतिबेदनमा उल्लेख नभएको |
| ३१० | | बिलभर्पाइ नभएको | प्रतिबेदनमा उल्लेख नभएको |
| ३१९ | | कार्यसंचालन निर्देशिकाको मापदण्ड भन्दा बढी भुक्तानी स्टेस्नरी खर्च असुल गर्नुपर्ने रु | ६२४० |
| ६५ | कार्यालय समयमा हाजिर भइ भत्ता बुझेको रकम असुल गर्नुपर्ने | महेश कुमार ठाकुर | ११००० |
| १५७ | | सुजित कुमार चौधरी | ७००० |
| २२४ | | सोमति राणा | १२००० |
| २२४र २७३ | | राजकिशोर चौधरी | ९००० |
| २४४ | | रितश कुमार चौधरी | ९००० |
| २७० | | प्रमोद पटेल | ९००० |
| १५१ | | राजाराम साह | ६००० |
| २८४ | | सरोज साह | ५००० |
| शर्सत चालु तर्फ | | | |
| ५९ | | बैक दाखिला भौचर नभएको | १०९५८ |
| ८४ | | खरिद आदेश र दाखिला प्रतिबेदन नभएको | प्रतिबेदनमा उल्लेख नभएको |
| १२२ | | बिलभर्पाइ नभएको | १२८५९४ |
| १२७ | | खरिद आदेश र दाखिला प्रतिबेदन | प्रतिबेदनमा उल्लेख नभएको |
| १३९ | | कागजात पेश हुनुपर्ने | प्रतिबेदनमा उल्लेख नभएको |

| | | | |
|---|---|---|---|
| १६१ | | कागजात प्रमाणित नभएको | प्रतिबेदनमा उल्लेख नभएको |
| १६६ | | खरिद आदेश र दाखिला प्रतिबेदन | प्रतिबेदनमा उल्लेख नभएको |
| १७९ | | बढी भुक्तानी असुल गर्नुपर्ने | ९३५० |
| पुजिगत तर्फ | | | |
| ९ | | सक्कल बिजक पेश नभएको | प्रतिबेदनमा उल्लेख नभएको |
| ४७ | | बितरणमुखि कार्य | ३१५१५० |
| **जम्मा रु** | | | **१४७९८६४** |

६७

**सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू.१० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले एकै प्रकृतिको निम्नानुसारका निर्माण कार्यको लागि प्रतिस्पर्धा नगराई विभिन्न निर्माण व्यवसायीबाट सोझै खरिद गरी रु.३२,५३,७८८ खर्च गरेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा एवं पारदर्शिता हुनेगरी खरिद गर्नुपर्दछ ।

| **गो.भौ.नं** | **निर्माण व्यवसायको नाम** | **वापत** | **लागत अनुमान** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १।२०७९।२।२५ | श्री आशा कन्सट्रक्शन | गापाको सेड निर्माण कार्य | ८७८८१ | ८६७१६ |
| ३।२०७९।३।११ | उन्नत निर्माण सेवा | वडा नं ४ पथरा देखि सुखीसम्म ग्राभेल कार्य | ४८४००० | ४६०८०० |
| ४।२०७९।३।११ | प्रसाई निर्माण सेवा | रजैया सडक निर्माण कार्य | ४४५४५५ | ४६४१६६ |
| ५।२०७९।३।११ | असमि कन्सट्रक्शन | खोपवा स्कुल देखि बुधगाई स्कुल सम्म बाटो मर्मच | ४८११९७ | ४५८००३ |
| ७।२०७९।३।२४ | बारागढी कन्सट्रक्शन एण्ड सप्लायर्स | वडा नं ४ को पोखरीया ढलान देखि दक्षिणतिर सडक मर्मत थषता ग्राभेल कार्य | ४८२४९३ | ४५९४३५ |
| ८।२०७९।३।२४ | राजु राजन कन्सट्रक्शन | वडा नं १ को रमेशको गोवासदेखि खेलमैदान सम्म सडक ग्राभेल कार्य | ४८४०९९ | ४६०९६४ |
| ९।२०७९।३।२४ | हरेराम निर्माण | वडा नं ५ को पथरामा छठियारी पोरखी देखि गेहकारी नखीसम्म सडक मर्मत तथा ग्राभेल कार्य | ९१०००० | ८६३७०४ |
| **जम्मा** | | | **३३७५१२५** | **३२५३७८८** |

<table>
<tr><td>६८</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम - सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ ६ वटा वडाका लागि लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न हिमालय वैंकलाई चार त्रैमासिकको जम्मा रु.९,९८,०९,८९१ बैकमा निकासा भई लेखापरीक्षणको अवधीसम्म जम्मा खर्च रु.९,४६,७६,२१५ वितरण भई बैकले वितरण गर्न बाँकी रकम रु.५१,३३,६७६ रहेकोमा देखिएका व्यहोरा निम्न छन्:</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>अनुगमन तथा निरीक्षण - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा २७ मा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यमा प्रभावकारी रुपमा अनुगमन तथा निरीक्षण गरेको देखिएन । अत गाउँपालिकाले यस सम्बन्धमा अनुगमन तथा निरीक्षण गरी भत्ता वितरण कार्य समयमा नै सम्पन्न गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>पारदर्शीता कायम - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सुचना स्थानीय एफ.एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ । स्थानीय तहले भुक्तानी गरेको रकम र बुझि लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयलमा समेत सार्वजनिक गर्नुपर्नेछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । तर गाउँपालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राखेर सामाजिक सुरक्षा भत्तामा पारदर्शिता कायम गरेको देखिएन । अतः यस सम्बन्धमा कार्यविधिको प्रावधान अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्य पारदर्शी बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>बैक खाता नखोलेको - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविभि २०७७ को दफा २४ मा छनौट भएको वैक तथा वित्तीय संस्थाले स्थानीय तहबाट अनलाइन प्रणाली मार्पत लाभग्राहीको विवरण प्राप्त गर्ने र उक्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको नाममा निजको उपस्थिति विना शुन्य मौज्दातमा बचत खाता खोलेर रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरणको Reverse Feed गरेको विवरण परिक्षण गर्दा निम्न वडाका निम्न लाभग्राही संख्याको खाता खोलेको देखिएन । बैकले खाता नखोली बैकको आफ्नै खातामा रकम राखेको देखियो । अतः गाउँपालिकाले यस सम्बन्धमा एकिन गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>किस्ता</th><th>वडा नं.</th><th>लाभग्राही संख्या</th><th>जम्मा रकम</th></tr>
<tr><td>प्रथम त्रैमासिक</td><td>२</td><td>१९८ जना</td><td>६४१८००</td></tr>
<tr><td>प्रथम त्रैमासिक</td><td>४</td><td>२५० जना</td><td>१३१८०२६</td></tr>
<tr><td>दोस्रो त्रैमासिक</td><td>२</td><td>९५ जना</td><td>३३४०३०</td></tr>
<tr><td>दोस्रो त्रैमासिक</td><td>४</td><td>१८१ जना</td><td>७९२९४६</td></tr>
<tr><td>तेस्रो त्रैमासिक</td><td>४</td><td>११७ जना</td><td>५३१९४१</td></tr>
<tr><td>तेस्रो त्रैमासिक</td><td>२</td><td>४३ जना</td><td>१५६९०९</td></tr>
<tr><td>चौथो त्रैमासिक</td><td>४</td><td>२८ जना</td><td>४८२८०</td></tr>
</table></td><td>३,८५४,५३२</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>चौथो त्रैमासिक</td><td>३</td><td>११ जना</td><td>३०६००</td></tr><tr><td colspan="3">जम्मा</td><td>३८५४५३२</td></tr></table></td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>लगत कट्टा - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा ११ अनुसार कुनै लाभग्राहीको मृत्यु भएमा,एकल महिला लाभग्राहीले विवाह गरेमा, वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सुचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराउनु पर्दछ । यसरी घटना दर्ता गर्दा लाभग्राही विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नु पर्दछ । कुनै लाभग्राहीका प्रचलित कानुन बमोजिमका सुचकले घटना दर्ता नगराएको अवस्थामा पनि स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जानकारी कुनै स्रोतबाट पाएमा आवश्यक सत्य तथ्य बुझी वडा कार्यालयले लाभग्राहीको लगत कट्टा गर्नुपर्नेछ । यसरी लगत कट्टा गर्दा स्थानीय तहलाई जानकारी गराई लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ । तर गाउँपालिकाले समयमा नै लगत कट्टा गरी तथ्याङ्क अध्यावधिक गरेको देखिएन । अत गाउँपालिकाले समयमा नै लगत कट्टा गरी सामाजिक सुरक्षा भत्ता वितरण प्रभावकारी बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>रकम भुक्तानी तथा खर्च - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा १४ मा स्थानीय तहले कोष तथा लेखा नियन्त्रण कार्यालयबाट सामाजिक सुरक्षा भत्ताको निकास/भुक्तानी माग गर्दा अनिवार्य रुपमा अघिल्लो चौमासिकको हिसाव मिलानको प्रतिवेदन पेश गर्नुपर्ने साथै लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा प्रणालीमा रहेको अनुसुची ७ बमोजिमको भरपाई प्रतिवेदन तथा अनुसुची ८ बमोजिमको फर्वड फिडको आधरमा गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले अघिल्लो त्रैमासिक निकास हिसाव मिलान र फर्वड फिड नगरी अर्को निकासा दिएको देखिन्छ । यस्तो कार्यमा नियन्त्रण गरी सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधिको पालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>रकम फ्रिज - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा १८ मा स्थानीय तहले भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक बर्ष समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अगाबै वितरण कार्य सम्पन्न गरी आर्थकि कारोबार बन्द गर्नुपर्नेछ । आर्थिक बारोबार बन्द गरेपछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अद्यावधिक बैक संगको हिसाव मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्नेछ । भत्ता वितरणको लागि निकासा भएको रकम सोही आर्थिक बर्षमा खर्च नभएमा बाँकी रकम फ्रिज भई नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले एक आर्थिक बर्षमा खर्च गर्न नसकी बाँकी रहेको रकम लेखापरीक्षणको क्रमसम्म पनि वितरण गरिरहेको छ । कार्यविधिको परिपालना गरी बाँकी रहेको रकम एकिन गरी संघीय संचित कोष फिर्ता गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>रकम फिर्ता - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले निम्नानुसार १ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिक भत्ता बैङ्कलाई निकासा भएको रकममध्ये हाल सम्मको वितरण गरी बाँकी रहको रकम रु.५१३३६७६ देखिन्छ । सामाजिक सुरक्षा भत्ता वितरण गरेर बाँकी रकम रु.५१३३६७६ रहेकोमा बैकले विगत देखिको मौज्दात रकम समेत रु.७०,८४,५१६.३४ सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ । अतः गाउँपालिकाले निष्क्रिय खातामा रहेको रकम र बैक Statement माग गरी भिडान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>स्रेस्ता तथा अभिलेख - पालिकाले आन्तरिक राजस्व तर्फ निम्नानुसारको स्रेस्ता तथा अभिलेख तयार गरेको पाइएन । स्रेस्ता तथा अभिलेख पूर्ण रुपमा र व्यवस्थित नहुँदा पालिकाले नियमित रुपमा उठाउने मालपोत दस्तुर, सिफारिस दस्तुर, एकिकृत सम्पत्ती कर लगायतका विभिन्न् शिर्षकमा प्राप्त गरेको आयको यथार्थता लेखापरीक्षणको क्रममा एकिन गर्न सकिएन । तोकिएका अभिलेख तथा स्रेस्ता तयार नगर्ने तथा व्यवस्थित नगर्ने कर्मचारीलाई कानून</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | बमोजिम जिम्मेवार बनाइ आन्तरिक आयलाई व्यवस्थित, पारदर्शी, गणनायोग्य तथा तुलनायोग्य बनाईनुपर्दछ ।<br>• म.ले.प.फा.नं. १०२- दैनिक राजस्व आम्दानी खाता<br>• म.ले.प.फा.नं. १०३- गोश्वारा भौचर (राजस्व)<br>• म.ले.प.फा.नं. १०४- राजस्व आम्दानीको शिर्षकगत खाता<br>• म.ले.प.फा.नं. १०५- राजस्व आम्दानीको गोश्वारा खाता<br>• म.ले.प.फा.नं. १०६- राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता<br>• म.ले.प.फा.नं. १०७- राजस्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता<br>• म.ले.प.फा.नं. १०८- राजस्व आम्दानी बैंक नगदी किताब | |
| ७७ | | | **सेवा प्रवाह् र आम्दानी** - गाउँपालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर नगदी रसिदबाट संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह् गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह् र संकलित राजश्व भिडान गर्न सकिएन । सेवा प्रवाहको विवरण तयार गर्ने परिपाटी तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । | |
| ७८ | | | **रसिद नियन्त्रण खाता** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ५१ मा ऐन वमोजिम राख्नुपर्ने प्रत्येक कारोवारको लेखा राख्नुपर्ने र आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ मा कार्यालयको कामलाई व्यवस्थित एवं मितव्ययी गर्न आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । सो अनुसार नगद आम्दानी गर्ने कार्यालयले राजश्व असुल गर्न प्रयोग हुने मालपोत रसिद एवं नगदी रसिदको छपाई गरी रसिद नियन्त्रण खाता प्रविष्टि गरी सो बाट बुझेर लगेको अभिलेख राखि रसिद नियन्त्रणलाई व्यवस्थित गर्नु पर्दछ । पालिकाले सो अनुसार व्यवस्थित तरिकाले रसिद नियन्त्रण खाता राखेको पाइएन । जसवाट २०७९ आषाढमा कति रसिद वाँकी थिए २०७८।०७९ मा कति छपाई गरियो र सो अनुसार जम्मा रसिद ठेलिमा कुन कुन वडामा कति रसिद उपलव्ध गराईयो र जिन्सिमा कति ठेली बाँकी छन सो एकिन गर्न सक्ने आधार भएन । नगदी रसिद खाता प्रमाणित गरी नराखेको र सामान्य टिपोटमा यो वर्ष विभिन्न वडालाई रसिद वुझाएको उल्लेख गरेको छ। राजश्व असुलीमा प्रयोग हुने नगदी रसिदको नियन्त्रण खाता राखि प्रमाणित गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ । | |
| ७९ | | | **म.ले.प फारम** - राजश्व असुल गर्दा रसिद अनुसार असुलि देखिने गरी म.ले.प.फा.नं १०२ देखि १०८ सम्मका खाता राखि वैंक दाखिला पश्चात गोश्वारा भौचर उठाई राजश्व असुल गर्नुपर्नेमा रसिदवाट सिधै वैङ्क दाखिला गरी वैंक स्टेटमेन्ट अनुसार आम्दानी जनाउने गरेको छ । जसवाट दाखिला राजश्व खातामा भिडान गर्न सकिएन । खाता तयार गरी आम्दानी भिडान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ । | |
| ८० | | | **वडा तथा नगरपालिका आम्दानी** - पालिकाले वडाहरुबाट राजस्व संकलन गर्दा पुराना रसिद फिर्ता लिई नयाँ छपाई गरी सिरियल नम्वर लगातार भएका रसिद प्रयोग गराउने र प्रयोग नभएका रसिद आषाढ मसान्तमा फिर्ता लिई खर्च भएका रसिद र सो अनुसारको राजश्व दाखिला सुनिश्चित गरिनुपर्दछ । यो वर्ष कार्यालयबाट प्राप्त विवरण अनुसार वडा तर्फ रु.५२३०४८.११ र गाउँपालिका तर्फ रु.६३९११७७.१३ गरी जम्मा रु.११६२१६५.२४ राजश्व असुल गरेको छ । पुराना रसिद प्रयोग स्थिति सहितको अभिलेख नहुँदा वडा कार्यालय तथा पालिका कार्यालयमा के कती रसिद प्रयोग भए र के कती बाँकी छन भन्ने व्यहोरा खुल्न सकेन । नगदी रसिद तथा मालपोत रसिद गत बर्ष कति बाँकी थियो र कति प्रयोग गरियो भन्ने व्यहोरा समेत खुल्न सकेन । रसिद प्रयोग र प्राप्त आम्दानी दाखिला भए नभएको सम्बन्धमा अनुगमन गरिएको पनि छैन । तसर्थ आन्तरिक आयको प्राप्ती र बैकं दाखिला सम्बन्धमा लेखापरीक्षणको क्रममा एकिन तथा बिश्लेषण गर्न नसकिएकोले आन्तरिक आयको यथार्थता एकिन गर्नुपर्दछ । | |
| ८१ | | | **वडाको राजस्व** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यलयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। गाउँपालिका भित्रका ६ वडाहरुमध्ये नमुना छनौट गरी निम्नानुसारका २ वडाहरुको चलानी किताव र राजस्व असुली | १११,६१५ |

परीक्षण गरी न्युनतम दर कायम गर्दा रु.१,११,६१५ .कम असुली भएको पाइयो । अत: कम असुल भएको राजस्व सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु..

| वडा नं | राजस्व संकलन भएको | हुनुपर्ने रकम | फरक रकम |
|---|---|---|---|
| ३ | २१७३५ | ६३५०० | ४१७६५ |
| २ | १७२५० | ८७१०० | ६९८५० |
| जम्मा | | | १११६१५ |

साथै गाउँपालिकाले अन्य वडाहरुको समेत राजस्व सङ्कलन तथा दाखिला बारेमा अध्ययन गरी अध्ययन प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्नुपर्दछ ।

८२ **यन्त्र उपकरण सञ्चालन** - पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

| क्र.सं. | सामानको विवरण | इन्धन लागत | जनशक्ति लागत | मर्मत लागत | आय | खर्च | वचत |
|---|---|---|---|---|---|---|---|
| १ | जे.सि.वि।डोजर | ३६५ लि डि | नखुलेको | नखुलेको | १०९००० | नखुलेको | नखुलेको |
| २ | एम्बुलेन्स | ११० लि डि | नखुलेको | नखुलेको | ० | नखुलेको | नखुलेको |
| ३ | रोलर | सेवाग्राहीले | नखुलेको | नखुलेको | ७९५०० | नखुलेको | नखुलेको |
| ४ | टिप्पर | ४८५ लि डि | नखुलेको | नखुलेको | ० | नखुलेको | नखुलेको |

८३ **घर जग्गा बहाल कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ मा गाउँपालिका वा नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, ठहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था छ । आर्थिक बर्ष २०७८।७९ मा गाउँपालिकाले कुनै पनि घर जग्गा बहाल कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्रभित्र उठ्नु पर्ने घर जग्गा बहाल कर एकिन गरी असुल गर्नुपर्दछ ।

८४ **वहाल विटौरी कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५९ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेको ह्याट वजार वा पसल वा सरकारी जग्गामा वनेका संरचनाको उपयोग वापत बहाल विटौरी शुल्क लगाउने व्यवस्था छ । आर्थिक बर्ष २०७८।७९ मा गाउँपालिकाले कुनैपनि बहाल विटौरी कर संकलन गरेको पाइएन । यस पालिकाले आफ्नो क्षेत्रभित्र उठ्नुपर्ने बहाल विटौरी कर एकिन गरी असुल गर्नुपर्दछ ।

८५ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकामा बुझाउनु पर्ने र सहकारी नियमावली,

<table>
<tr><td></td><td></td><td></td><td>२०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>८६</td><td></td><td></td><td>मनोरञ्जन कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>८७</td><td></td><td></td><td>व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत मात्र राखेको कर रकम संकलन गरेको पाईएन । गाउँपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८८</td><td></td><td></td><td>व्यवसाय कर - बारागढी गाउँपालिका आर्थिक ऐन, २०७८ को अनुसुची ४ अनुसार बचत तथा ऋण सहकारीलाई व्यवसाय कर वापत बार्षिक रु.२००० का दरले व्यवसाय कर उठानउे व्यवस्था गरेको छ । यस गाउँपालिका अन्तर्गत ७ वटा बचत तथा ऋण सहकारी संस्था रहेकोमा उक्त संस्थाहरुले व्यवसाय कर तिरेको नदेखिएकोले व्ववसाय कर असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सहकारीको नाम</th><th>करको प्रकार</th><th>करको दर</th></tr>
<tr><td>राजेश्वरी देवि माई बचत तथा ऋण सहकारी संस्था लि</td><td>व्यवसाय कर</td><td>३०००</td></tr>
<tr><td>धनवन्तरी बचत तथा ऋण सहकारी संस्था लि</td><td>व्यवसाय कर</td><td>२०००</td></tr>
<tr><td>सर्वहित बचत तथा ऋण सहकारी संस्था लि</td><td>व्यवसाय कर</td><td>२०००</td></tr>
<tr><td>अपन बचत तथा ऋण सहकारी संस्था लि</td><td>व्यवसाय कर</td><td>२०००</td></tr>
<tr><td>अर्थय बचत तथा ऋण सहकारी संस्था लि</td><td>व्यवसाय कर</td><td>२०००</td></tr>
<tr><td>तिलककुण्ड बचत तथा ऋण सहकारी संस्था लि</td><td>व्यवसाय कर</td><td>२०००</td></tr>
<tr><td>धन लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि</td><td>व्यवसाय कर</td><td>२०००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१४०००</td></tr>
</table></td><td>१४,०००</td></tr>
<tr><td>८९</td><td></td><td></td><td>सम्पति कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घर जग्गामा सम्पति कर लगाउने व्यवस्था गरिएको छ । आर्थिक बर्ष २०७८।७९ मा गाउँपालिकाले कुनैपनि सम्पती कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्रभित्र उठ्नुपर्ने एकिकृत सम्पती कर एकिन गरी असुल गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ९० | | | **सवारी कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असुलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ९१ | | | **सम्परीक्षण -** पालिकाले लेखापरीक्षण टोलीसमक्ष सम्परीक्षणको लागि कुनै अनुरोध गरेको छैन । | |